नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## प्रेस विज्ञप्ति

आज मिति २०७७ चैत्र १८ गते आइतबार माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री गणेशसिंह ठगुन्ना ज्यूको अध्यक्षतामा आ.व.२०७७/०७८ को दोश्रो चौमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो । उक्त बैठकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री एकनारायण अर्याल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका बरिष्ठ अध्ययन निर्देशक श्री आनन्दराज ढकाल, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक, मन्त्रालयका सहसचिवहरु, विभागका महानिर्देशकहरु, निजामति कर्मचारी अस्पतालका कार्यकारी निर्देशक तथा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगका प्रतिनिधि एवम् कार्यक्रम/आयोजनाका प्रमुख, समिति, आयोग र प्रतिष्ठानहरुका साथै अन्य कर्मचारी र संचारकर्मीहरु समेतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री गणेशसिंह ठगुन्नाज्यूले मन्त्रालयको दोश्रो चौमासिक अबधिको समग्र भौतिक तथा वित्तीय प्रगति सन्तोषजनक रहेको बताउदै राज्य पुनर्ससंरचना अनुरुप बर्तमान बजेट प्रणालीमा पनि समसामयिक सुधार गर्नुपर्ने कुरा औल्याउनु भयो । सोही सन्दर्भमा समग्र भौतिक तथा वित्तीय प्रगतिलाई थप उत्साहप्रद बनाउनका लागि बजेट, नीति तथा कार्यक्रम र लक्ष्यभित्र रही नविनतम् ढंगबाट कार्य गर्नका लागि निर्देशन दिनुभयो । त्यसैगरी उहाँले निर्माण कार्यसँग सम्बन्धित प्राकृतिक स्रोतको समुचित प्रयोग गर्दै विकास निर्माणलाई थप गति प्रदान गर्न गर्नुपर्ने कानुनी सुधार तथा संरचनागत व्यबस्थाको बारेमा अविलम्ब कार्यबाही अगाडि बढाउन जोड दिनुहुँदै कर्मचारीहरुले उच्च मनोबलका साथ संविधान र विद्यमान कानूनले दिएको क्षेत्राधिकारभित्र रहेर आर्थिक अनुशासन कायम राख्दै नतिजामुखी काम गर्नुपर्ने बताउनुभयो ।उहाँले दुर्गम क्षेत्रमा वसोवास गर्ने स्थानीय बासिन्दालाई सहज आवात जावतको सुबिधा उपलब्ध गराउन झोलुङ्गेपुल निर्माण कार्यलाई प्राथामिकता दिदै चालु आर्थिक बर्ष भित्रै बाँकी रहेका तुइन विस्थापन गरिसक्न समेत निर्देशन दिनुभयो ।

मन्त्रालयका सचिव श्री एकनारायण अर्यालले प्रस्तुती क्रममा सहभागीहरुद्वारा उठाइएका सवालहरुको सम्बोधन गर्दै थप प्रष्ट पार्नु भयो ।उहाँले बर्तमान विषम परिस्थितिमा पनि मन्त्रालयले हासिल गरेको प्रगति सन्तोषजनक रहेको बताउंदै आगामी दिनमा कार्यक्रमले लिएका लक्ष्य हासिल हुने गरी थप प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिनुभयो । संघीयता कार्यान्वयनमा सहजीकरण गर्ने महत्वपूर्ण भूमिका रहेको यस मन्त्रालयले तोकिएको उपलब्धि हासिल हुने गरी Pro-active भएर काम गर्न समेत उहाँले जोड दिनु भयो । कर्मचारीहरु तथा स्थानीय तहका पदाधिकारीहरुको क्षमता विकासमा मन्त्रालय सदैव क्रियाशील रहेको र सोसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा निरन्तरता दिइएको समेत उहाँले जानकारी गराउनु भयो । यसैगरी निजामती कर्मचारी अस्पतालबाट प्रबाह हुने सेवाको गुणस्तर अभिबृद्वी गर्ने कार्ययोजना बनाई अगाडि बढ्नुपर्ने बताउदै नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जस्ता प्राज्ञिक संस्थाबाट हुने अध्ययन अनुसन्धानका नतिजालाई

नीति निर्माणमा समेत सहयोग पुग्ने गरी अध्ययन गर्नुपर्ने कुरामा जोड दिनु भयो । यस्तै उहाँले अन्तर मन्त्रालयगत समन्वय सृजनात्मक र प्रभावकारी हुन नसक्दा आयोजना र कार्यक्रमहरु संचालनका लागि आवश्यक कार्यविधि समयमै निर्माण नभएकोले कतिपय आयोजनाहरु संचालन हुन नसकी दोश्रो चौमासिक लक्ष्य अपेक्षाकृत पूरा हुन नसकेको कुरा व्यक्त गर्नु भयो ।

उक्त अवसरमा मन्त्रालयका सहसचिव श्री विष्णुदत्त गौतमले कार्यक्रमको उद्देश्य एवं मन्त्रालय र अन्तर्गतका निकाय, कार्यक्रम तथा आयोजनाको समग्र प्रगति प्रस्तुत गर्दै आ.व. ०७७/०७८ को लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई विनियोजित बजेट रु २९ अर्ब ९ करोड २६ लाख वार्षिक बजेटमध्ये दोश्रो चौमासिक सम्मका लागि विनियोजित २० अर्ब ८० करोड ७४ लाख बजेटमा जम्मा रु ४ अर्व, १५ करोड ४० लाख खर्च भएको प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो । उक्त खर्च दोश्रो चौमासिक सम्मका लागि विनियोजित बजेटको १९.९६ प्रतिशत वित्तीय प्रगती रहेको जसमध्ये चालु खर्चतर्फ ९ अर्ब ४० करोड ४२ लाख विनियोजन भएकोमा जम्मा खर्च रकम रु १ अर्ब ५८ करोड १९ लाख (१६.८२ प्रतिशत) र पूँजिगत तर्फ जम्मा दोश्रो चौमासिकसम्मको बजेट रु ११ अर्ब ४० करोड ३२ लाख रहेकोमा जम्मा खर्च रु २ अर्ब ५७ करोड २० लाख (२२.५५ प्रतिशत) भएको विवरण सहितको प्रतिवेदन पेश गर्नुभएको थियो । उहाँले यस अवधिमा प्राप्त भएका प्रमुख उपलब्धीहरुको वारेमा उल्लेख गर्दै कार्यक्रम तथा आयोजना कार्यान्वयनका क्रममा देखापरेका समस्याहरुको पहिचान गरी सोको समाधानका लागि सुझाव सहितको विकल्पहरु समेत प्रस्तुत गर्नु भयो ।

कार्यक्रममा राष्ट्रिय किताबखाना, स्थानीय पूर्वाधार विभाग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, निजामती कर्मचारी अस्पतालले आ-आफ्ना निकायको दोश्रो चौमासिक अवधिको प्रगति संक्षेपमा प्रस्तुत गरेका थिए। त्यस्तै अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधिहरुले बजेट खर्च, वित्तिय एवं भौतिक प्रगति प्रति सन्तोष व्यक्त गर्दै आगामी दिनमा अझ सक्रियताको साथ काम गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

..............................

(विष्णुदत्त गौतम)

सहसचिव

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मितिः २०७७ साल चैत्र १८ गते